पुष्करलालद्वारा प्रतिष्ठापित
नेपाल समाचारपत्र
Pioneer Private Publication House · Established in Mangsir 15, 2041
newsofnepal.com
राष्ट्रिय दैनिक
शुक्रबार, वैशाख १२, २०८२ | Friday, April 25, 2025 | नेसं ११४५, चौल्लागा १२ | वर्ष ३०, अंक ९० | पृष्ठ ८ | मूल्य रु १०/–

सर्वोच्चले सरकार र शिक्षक दुवैलाई भन्यो–

# ३ दिनभित्र विद्यालय फर्केर पठनपाठन गर्ने वातावरण बनाउनू

एमालेको युवाकेन्द्रित रणनीति

## मिसन ८४ मा लाग्न ओलीको निर्देशन

काठमाडौं, (नेस)

प्रधानमन्त्री एवं एमालेका अध्यक्ष केपी शर्मा ओलीले आफ्ना कार्यकर्ताहरूलाई सरकारको बारेमा चिन्ता गर्न छाडेर मिसन ८४ मा लाग्न निर्देशन दिनुभएको छ।

'जनताले जितेको दिन' भन्दै नेपाल कम्युनिस्ट पार्टी (एमाले) ले बिहीबार भृकुटीमण्डपमा आयोजना गरेको 'युथ सेलिब्रेसन' कार्यक्रमलाई सम्बोधन गर्दै एमालेका अध्यक्ष ओलीले यस्तो निर्देशन दिनुभएको हो।

वागमतीका निलम्बित मेयर र उपमेयरसहित

## १ अर्ब ४९ करोड
## दुई वर्ष कैद गर्न

४७ लाख घनमिटर नदीजन्य पदार्थको गैर

नेपाल समाचारपत्र, काठमाडौं



वागमती नगरपालिका सर्लाहीका निलम्बित मेयर भरतकुमार थापा



स्थित सागरनाथ वन विकास परियोजनाको स्वामित्वमा रहेको मूर्तिया सेक्टरअन्तर्गत कमैया क्षेत्रको वन क्षेत्रमा गैरकानुनी रुपमा करीब

आधारमा जिल्ला वन डिभिजन कार्यालयले भरत ताल निर्माण र त्यसमा संलग्न पक्ष र अतिक्रमणका बारेमा अनुसन्धान गरेको थियो।

नामकरण गरेको थापाले पोखरी १ र पोखरी २ भन्दै निर्माण कार्य थालेका थिए।

(क्रमशः पृष्ठ ५ मा)

# नेरुडे मिर्मिरे लघुवित वितीय संस्था लि.

**NERUDE MIRMIRE LAGHUBITTA BITTIYA SANSTHA LTD.**

नेपाल राष्ट्र बैंकबाट घ वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको वित्तीय संस्था

**केन्द्रीय कार्यालय, बनेपा-८, काभ्रेपलाञ्चोक, फोन नं. ०११-६६२३११, ६६२३१२**

**E-mail: info@nerudemirmire.com.np, website: www.nerudemirmire.com.np**

## अठारौं वार्षिक साधारणसभाको सूचना

**(दोस्रो पटक प्रकाशित मिति : २०८२/०१/१२)**

**श्री आदरणीय शेयरधनी महानुभावहरु,**

यस वित्तीय संस्थाको मिति २०८२/०१/०९ गते बसेको सञ्चालक समितिको ३६३औं बैठकको निर्णयले यस वित्तीय संस्थाको अठारौं वार्षिक साधारणसभा देहायका प्रस्तावहरुमा छलफल तथा निर्णय गर्न निम्न लिखित मिति, समय, स्थानमा बस्ने भएकोले कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिम सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको व्यहोरा अनुरोध गर्दछौं।

**साधारण सभाहुने मिति, समय र स्थानः**

**मिति :- २०८२ जेठ ०५ गते सोमबार (तद्नुसार १९ मे, २०२५)**

**समय :- बिहान ११ : ०० बजेदेखि**

**स्थान :- होटल सारथी, धुलिखेल नगरपालिका वडा नं. ८, धुलिखेल, काभ्रेपलान्चोक।**

**छलफल तथा निर्णयका लागि निर्धारित विषयहरु :**

**(क) सामान्य प्रस्तावहरु :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने आ.व. २०८०/०८१ को बार्षिक प्रतिवेदन माथि छलफल गरी पारित गर्ने।

२. लेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन सहित २०८१ आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त भएको आर्थिक बर्ष २०८०/०८१ को नाफा/नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण तथा लेखा सम्बन्धी नीतिहरु सहित सम्बन्धित अनुसूचीहरु माथी छलफल गरी पारित गर्ने।

३. साविक मिर्मिरे लघुवित्त वित्तीय संस्था लिमिटेडको लेखापरिक्षकको लेखापरिक्षण प्रतिवेदन सहित मिति २०८०/११/२९ गतेको वासलात, मिति २०८० श्रावण ०१ गते देखि मिति २०८० फागुन २९ गते सम्मको नाफा/नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण तथा लेखा सम्बन्धि नीतिहरु सहित सम्बन्धित अनुसूचीहरु माथी छलफल गरी पारित गर्ने।

४. बैंक तथा वित्तीय संस्था ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक बर्ष २०८१/०८२ को लागि लेखापरीक्षण समितिको शिफारिसमा लेखापरीक्षण गर्न लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने।

५. वित्तीय संस्थाको नियमावलीमा व्यवस्था भए बमोजिम संचालक समितिमा प्रतिनिधित्व गर्ने संस्थापक समूहका ३ जना र सर्वसाधारण समूहका ३ जना सञ्चालकहरुको निर्वाचन गर्ने सम्बन्धमा।

**(ख) विशेष प्रस्तावहरु :**

१. संस्थाको प्रबन्धपत्र, नियमावली संशोधन गर्ने सम्बन्धमा।

२. संस्थाको प्रबन्धपत्र, नियमावली संशोधन गर्ने क्रममा नियामक निकायबाट कुनै संशोधन गर्न निर्देशन भएमा सो बमोजिम प्रबन्धपत्र नियमावली संशोधन गर्न संचालक समितिलाई अख्तियारी दिने सम्बन्धमा।

**(ग) विविध।**

**संचालक समितिको आज्ञाले,**
**कम्पनी सचिव**

### अठारौं बार्षिक साधारण सभा सम्बन्धी थप जानकारी:

(१) **शेयरधनी दर्ता पुस्तिका बन्द रहने :**
वित्तिय संस्थाको अठारौं बार्षिक साधारण सभा प्रयोजनको लागि मिति २०८२/०१/२१ गते आईतवार शेयर दाखिल खारेज दर्ता कार्य बन्द (बुक क्लोज) रहनेछ। नेपाल स्टक एक्स्चेन्ज लिमिटेडमा मिति २०८२/०१/२१ गते अगावै कारोवार गरी प्रचलित कानुन अनुसार तोकिएको समयावधि भित्रमा यस वित्तीय संस्थाको शेयर रजिष्ट्रार श्री नेपाल एसविआई मर्चेन्ट बैंकिङ लिमिटेड, ठमेल, काठमाडौंमा प्राप्त शेयर नामसारी लिखतको आधारमा शेयरधनी किताबमा कायम शेयरधनीहरु सो सभामा भाग लिन योग्य हुने व्यहोरा सम्बन्धित सवैमा जानकारी गराईन्छ।

(२) वार्षिक साधारण सभा सम्बन्धमा प्रथम पटकको सूचना मिति २०८२/०१/१० गतेको आर्थिक अभियान राष्ट्रिय दैनिकमा सूचनाको साथ साधारण सभा सम्बन्धी अन्य थप जानकारी विस्तृत रुपमा प्रकाशन गरिएको छ सो सूचना तथा साधारण सभा सम्बन्धी थप जानकारी सहित उल्लेखित पत्रिका वा संस्थाको वेवसाईटः www.nerudemirmire.com.np बाट लिन सक्नुहुनेछ।